# राष्ट्रिय कृषि-वन नीति
# २०७६

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# राष्ट्रिय कृषि-वन नीति
# २०७६

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं

प्रकाशक : नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

स्वीकृत मिति : २०७६ आषाढ ८ गते

निर्णय स्तर : नेपाल सरकार (मन्त्रिपरिषद्)

प्रकाशित प्रति : ५००

मुद्रण : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर, काठमाडौं
फोन : ०१-४१०२६०२
इमेल : classicpress2061@gmail.com

# राष्ट्रिय कृषि-वन नीति, २०७६

## १. पृष्ठभूमि

कृषि, पशुपालन र वनका क्रियाकलापहरुलाई भूमिको एउटै इकाइमा एकीकृत रुपले अभ्यास गर्ने प्रणाली नै कृषि-वन प्रणाली हो। नेपालको अर्थतन्त्रमा कृषि, पशुपालन र वन क्षेत्रले महत्वपूर्ण योगदान गरेको छ। खाली तथा बाँझो जमिन, वन्यजन्तु प्रभावित क्षेत्र तथा अन्य सीमान्तकृत भूमिको उपयोग गर्नुका साथै कृषि, पशुपालन र वन विकासका कार्यहरुलाई एकीकृत रुपमा कृषि-वन प्रणाली मार्फत सञ्चालन गर्दा प्रति इकाइ जमिनको उत्पादकत्वमा बृद्धि भई खाद्य सुरक्षा, रोजगारी, जीविकोपार्जनका अवसरहरुको सिर्जना, जैविक विविधता तथा भूमिको संरक्षण, जलवायु परिवर्तनको नकारात्मक प्रभावहरुको न्यूनीकरण र अनुकूलनमा सकारात्मक योगदान पुग्ने प्रचुर सम्भावना छ ।

नेपालमा कृषि-वनको विभिन्न रुपमा संयुक्त अभ्यास गर्ने प्रणाली परम्परागत रुपमा हुंदै आएको छ। रुख संगसंगै कृषिजन्य वाली लगाउने कार्यको शुरुआत सन् १९७२ मा बारा जिल्लाको तामागढीबाट भई तराईका केही जिल्लाहरुमा विस्तारको प्रयास भएको थियो। कबुलियती वन क्षेत्रमा उपभोक्ता समुहका सदस्यहरुको जीविकोपार्जन सुधार, नीजि वन विकास, कृषि भूमिमा घाँस र डालेघाँस विकास, नीजि जग्गामा फलफूल, अन्नबाली, तरकारी र मसला बाली विकास आदिका लागि बीउ विरुवा र प्राबिधिक सहयोग कृषि र वनका विभिन्न निकायहरुवाट उपलब्ध हुंदै आएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत केही जिल्लाहरुमा कृषि-वन विकासको व्यवस्था गरिएको छ। वन क्षेत्रको रणनीति, २०१६–२०२५ ले

सुझाएका प्रमुख कार्यक्रमहरुमा नीजि वनको व्यवस्थापन गर्ने उल्लेख गरिएको छ । यस अन्तर्गत कृषि क्षेत्र भित्र रुख प्रजातिहरुको प्रवर्द्धनका लागि सहुलियत पुर्ण ऋण, अनुदान तथा करछुटको अतिरिक्त बजारको व्यवस्था गर्ने सोच लिएको छ।

कृषि विकास रणनीति, २०७१ ले कृषिभूमिको एकीकृत व्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषि-वन प्रणालीलाई जोड दिएको छ ।फलफुल लगायतको कृषि-वन विकास, विस्तार र प्रवर्ध्दन गरी यसलाई आर्थिक उपार्जनको माध्यम बनाउन यस क्षेत्रमा सहुलियत ऋण उपलब्ध गराउने, प्रविधि हस्तान्तरण गर्ने, जग्गाधनीको क्षमता अभिबृद्धि गर्ने, कृषि-वनमा आधारित उद्यमहरुको प्रवर्द्धन र विस्तार गर्ने नीतिगत व्यवस्था सहित राष्ट्रिय वन नीति, २०७५ तर्जुमा भएको छ। बिगतमा संचालित चुरे र तराईका लागि जैविक विविधता क्षेत्र कार्यक्रम, जीबिकोपार्जनका लागि वन कार्यक्रम, जडिबुटी उत्पादन कार्यक्रम तथा कृषि-वन र सामुदायिक वन मार्फत जीविकोपार्जन र खाद्य सुरक्षा कार्यक्रम आदिले प्रत्यक्ष र परोक्ष रुपमा कृषि-वन बिकासको अनुसन्धान, प्रचार प्रसार र बिस्तारमा सहयोग पुर्याएका थिए। हाल निजि आवादी भित्रको कृषि क्षेत्रमा रुख प्रजातिहरु लगाई वन विकास गर्न नर्सरीमा बिरुवा उत्पादन, वितरण र प्राविधिक सेवा उपलब्ध हुंदै आएको छ।

## २. समस्या तथा चुनौतिहरु

कृषि-वन बिकासको लागि कृषिमा आश्रित परिवारहरुको न्यून भू-स्वामित्व, मझौला र साना किसानहरुको बाहुल्यता, निर्वाहमुखी खेती प्रणाली, उन्नत प्रबिधिको अपर्याप्तता, प्राविधिक ज्ञानको कमी आदिले प्रशस्त समस्या सिर्जना गरेका छन्। कृषि योग्य जमिनको उपयोगमा हुने अधिक



खर्च, ज्यामीको अभाव र युवाहरुको पलायनको कारणले कृषि योग्य जमिनहरु बाँझै रहने प्रवृत्ति बढेको छ । प्रतिव्यक्ति कृषिभूमिको उपलब्धता निरन्तर घट्दै गएकोले नेपालका कृषकहरुको खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जनमा समेत समस्या भएको देखिन्छ । कृषि-वन प्रणालीबाट उत्पादित वस्तु र सेवाहरुको आकर्षक मूल्य सहितको बजार व्यवस्था नहुनाले यसको प्रभावकारी विस्तार भएको छैन । कृषि-वन प्रणालीको लागि स्थान बिशेष उपयुक्त प्रणालीको छनौट तथा प्रणाली बिशेष प्रजातिहरुको बारेमा अध्ययन अनुसन्धान र प्रचार प्रसारको कमीका अतिरिक्त आवश्यक बीउ, बिरुवा, प्राबिधिक तथा आर्थिक सहयोग अपेक्षित रुपमा नहुनु पनि समस्याका रुपमा रहेका छन्।

वन र संरक्षित क्षेत्रसंग जोडिएका कृषि आवादी क्षेत्रको संरक्षण, विकास र प्रबर्ध्दनमा ठुलो समस्या र चुनौती सिर्जना भएका छन् । यी क्षेत्रहरुमा उपयुक्त प्रजाति सहितको कृषि-वन विकास गर्ने अवसर समेत सिर्जना भएको छ। साना कृषकहरुको जीविकोपार्जनमा सुधार, खाद्यपोषण र ईन्धन सुरक्षा चुनौतीपुर्ण छ । ग्रामीण क्षेत्रका महिलाहरु अझैपनि कठिन श्रम गर्न र बोझ बोक्न बाध्य छन् । गाँउमा रोजगारको सीमित अवसर भएकाले युवाहरु शहर र अन्य देशमा जान बाध्य भएका छन् । न्यून परिश्रममा आधारित कृषि-वन प्रणालीले विशेष गरी महिलाहरुको दैनिक क्रियाकलापमा सहजता ल्याइ स्वरोजगारका अवसरहरु सिर्जना गर्ने सम्भावना छ। नेपालको वनक्षेत्र बाहिर मात्र पाइने केहि रुख प्रजातिहरुको ओसारपसार र बिक्री वितरणमा हालै केहि सहजता भए पनि नीजि आवादी क्षेत्रमा उत्पादित सबै वन पैदावारहरूको स्वतन्त्र ओसारपसार र बिक्रि वितरणमा अझै असहजता रहेको हुँदा कृषि भूमिमा वन प्रजातिको व्यापक रुपमा अभ्यास गर्न समस्या परेको छ।

## ३. नयाँ नीतिको आवश्यकता

विभिन्न कानुन, नीति र रणनीतिहरुले खेतबारीमा रुख लगाउन, काट्न र ओसारपसार गर्ने काममा अस्पष्टता सिर्जना गरेको देखिन्छ । स्पष्ट नीतिका अभावले गर्दा स्वतन्त्ररुपमा वृक्ष एवं कृषि-वनका गैह्र काष्ठ वन पैदावारहरु ओसारपसारमा समस्या भएको छ। सबै सरोकारवालाहरुको समन्वय र नीति तथा कार्यक्रमहरुको समन्वय र सहकार्य गरी देशमा व्यापक रुपमा कृषि-वन प्रवर्द्धन गर्न उपयुक्त प्रणालीको सृजना गर्न जरुरी भैसकेको छ ।,कृषि-वनक्षेत्रमा प्रभावकारी अनुसन्धान गर्न, विभिन्न पारिस्थितिकीय क्षेत्रको लागि कृषि-वनका नमुनाहरुको विकास र प्रसार गर्न, तथा यसको लागी प्राविधिक सहयोग प्रदान गरी कृषकहरुको जीविकोपार्जन सुधारका कार्यहरुलाई परिणाममुखी बनाउन नीतिगत स्पष्टता आवश्यक छ । यस्तो नीतिगत व्यवस्थाबाट गुणस्तरीय बीउ र विरुवाको उपलब्धता, बिभिन्न कृषि-वन प्रणालीहरुको समुचित अभ्यास, मूल्य श्रृङखला र वजार सम्ंपर्कको विकास तथा कृषि-वन पैदावारमा आधारित उद्योगहरुको स्थापना तथा प्रबर्द्धन जस्ता कार्यहरु सहज हुने अपेक्षा गर्न सकिन्छ ।साथै कृषि-वन प्रणालीमा आबद्ध कृषकहरुमा ऋण र बिमाको उपलब्धता, रुख धितो राखेर पनि ऋण लिने व्यवस्था लगायतका कृषि-वन पद्धतिका विभिन्न सवालहरुलाई सम्बोधन गरी उल्लेखित समस्या र चुनौतिहरु प्रभावकारी रुपमा हल गर्न समेत कृषि-वन नीतिको आवश्यकता रहेको छ ।

## ४. दूरदृष्टि

कृषि-वन प्रणालीको विकास, विस्तार र ब्यावसायिकरण गरी राष्ट्रिय समृद्धिमा योगदान पुर्याउने।



## ५. उद्धेश्यहरु

यो नीतिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

५.१ भूमिको उत्पादकत्व वृद्धि र बहुगुणात्मक उपयोग गरी कृषि, पशु तथा वनजन्य पैदावारहरूको उत्पादन बढाउने,

५.२ वन माथिको चाप कम गरी वातावरण तथा जैविक विविधता संरक्षण, माटोको गुणस्तरीयता कायम र जलबायु उत्थानशील पर्यावरण प्रणाली विकास गर्ने,

५.३ कृषि-वनको सघन रुपमा प्रबर्द्धन गरी स्थानीय समुदायको खाद्य सुरक्षाका साथै जीविकोपार्जन, रोजगारी र आयआर्जनका अबसरहरु सिर्जना गर्ने,

५.४ कृषि-वनमा लगानीका अवसरहरु जुटाई व्यावसायिकरण मार्फत अर्थतन्त्रमा योगदान पुर्याउने,

५.५ कृषि-वन विषयमा अध्ययन, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने।

## ६. नीति र रणनीतिहरु

उल्लेखित लक्ष्य र उद्वेश्यहरु प्राप्त गर्नको लागि देहायका नीति तथा रणनीतिहरु अबलम्बन गरिनेछन् :-

**६.१ कृषि-वन प्रणालीको ब्यावसायिक र सामूहिक खेती प्रणालीलाई प्राथमिकता र प्रोत्साहन गरिनेछ ।**

६.१.१ प्राकृतिक वनजंगल नभएका वा कम भएका स्थानीयतहहरुमा कृषि-वन प्रणालीको विकास, विस्तार र प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

६.१.२ कृषि-वन प्रणालीको विकास, विस्तार र ब्यावसायिकरण गर्न संघ, प्रदेश र स्थानीय तहका साथै निजी, सामुदायिक र सहकारी क्षेत्रलाई समेत परिचालन गरिनेछ ।

६.१.३ कृषि-वन ब्यावसायिकरणमा निजी एवं सहकारी क्षेत्रलाई आर्कषित गरिनेछ ।

६.१.४ ब्यावसायिक र सामूहिक कृषि-वन प्रणालीको लागि आवश्यक बाटो, सिंचाई, औजार,उपकरण, प्रविधि लगायतका सुविधाहरु उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

६.१.५ कृषि-वन प्रणालीबाट उत्पादित वन पैदावारहरूको ओसारपसार र बिक्री वितरणमा सहजीकरण गरिनेछ।

**६.२ कृषि-वन अनुसन्धान, मूल्य श्रृङखला र कृषकको बजार पहुंचमा सरलीकरण गरिनेछ ।**

६.२.१ कृषि-वन पैदावारको प्रारम्भिक र प्रशोधित बस्तुको मूल्य श्रृङ्खला अभिबृद्धिको अध्ययन एवं व्यावसायिक योजना तयार गर्न सहजीकरण गरिनेछ ।

६.२.२ तरकारी फलफूल लगायतका सहकारी, हाट बजार, कृषि-वन पैदावारको बजार पूर्वाधार स्थापना गरी कृषि-वन पैदावारको बिक्री वितरणको विकास र विस्तार गरिनेछ ।



६.२.३ प्राकृतिक वनहरुको कुल उत्पादकत्व बढाउन जडीबुटी र अन्य गैह्र काष्ठ वन पैदावार दिने प्रजाति रोपण गरी बहुतले (मल्टी टायर) वनको विकास गरिनेछ ।

**६.३ कृषि-वनको उत्पादनमा आधारित उद्यम तथा बजार व्यवस्थाको प्रवर्द्धन गरिनेछ।**

६.३.१ कृषि-वन प्रणालीलाई उद्यमको रुपमा पहिचान गरी विकास र विस्तार गरिनेछ।

६.३.२ स्थानीय कृषि-वनमा उत्पादित बस्तु प्रयोग गर्ने उद्योगहरु स्थापना र उत्पादित वस्तुको बजारीकरण गर्न प्राविधिक सहयोग लगायतका विषयहरुमा सहयोग तथा प्रोत्साहन गरिनेछ ।

६.३.३ कृषि-वनवाट उत्पादित कच्चा पदार्थहरुको बजार सूचना तथा जानकारीको लागि उपयुक्त विधि मार्फत सहजीकरण गरिनेछ।

**६.४ कृषि-वन क्षेत्रमा वीत्तिय प्रोत्साहन प्रदान गरिनेछ ।**

६.४.१ कृषि-वनको लागि ऋण र बिमा सहयोगको लागि आवश्यक व्यवस्था मिलाइनेछ । रुख धितो राखेर पनि ऋण लिन सकिने व्यवस्था गरिनेछ ।

६.४.२ प्राकृतिक प्रकोपको कारणले कृषि-वनमा क्षति पुगेको अवस्थामा सोको लागि लिएको ऋण र व्याजमा उचित राहत प्रदान गरिनेछ ।

६.४.३ कृषि-वनको प्रोत्साहनका लागि मलमा अनुदान, कम व्याजमा सहुलियत ऋण, बाली प्रास नभइन्जेलसम्म लिएको ऋणमा ब्याज

मिनाहा र प्राकृतिक प्रकोपको समयमा ऋणको व्याजमा मिनाहा जस्ता विषयमा आवश्यक व्यवस्था गरिनेछ ।

६.४.४ कृषि-वन मोडेलका लागि सिफारिस गरिएका प्रजातिहरुको गुणस्तरीय बिरुवा उत्पादन र वितरणको व्यवस्था मिलाइनेछ।

**६.५ खाली, बाँझो, पर्ति तथा सीमान्तकृत जग्गाहरुमा कृषि-वन प्रणालीलाई प्राथमिकता दिइनेछ ।**

६.५.१ कृषि-वन प्रणालीको लागि सम्भाव्य क्षेत्रहरुको पहिचान र प्राथमिकीकरण गरिनेछ ।

६.५.२ स्थान बिषेश कृषि-वन मोडेलहरुको परिक्षण र सिफारिस गरिनेछ।

६.५.३ कृषि-वन प्रणाली अनुरुप उपयुक्त प्रजातिहरुको छनौट, परिक्षण तथा सिफारिस गरिनेछ।

६.५.४ कृषि-वन प्रणालीको दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

६.५.५ कृषि-वन प्रणालीको व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ।

६.५.६ कृषि-वन प्रणालीको प्रबर्द्धनको लागि रणनीतिक योजना, कार्यविधि र मापदण्ड बनाई लागु गरिनेछ।

**६.६ उपयुक्तताका आधारमा स्थान बिशेष कृषि-वन मोडेलहरुको विकास र प्रबर्द्धन गरिनेछ ।**



६.६.१ तराई र समथर भू-भागमा अन्न, दलहन तथा तेलहन बालीमा आधारित, चुरे लगायत संबेदनशील भिरालो भू-क्षेत्रहरुमा रुखमा आधारित, मध्य पहाडी क्षेत्रमा फलफूलका रुख प्रजातिमा आधारित, उच्च पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीमा आधारित, ताल तलैया र पानीका श्रोतहरु भएको क्षेत्रमा मत्स्यपालनमा आधारित, खेती नहुने पहाडी क्षेत्रहरुमा पशुपालनमा आधारित कृषि-बन प्रणालीलाई जोड दिइनेछ।

६.६.२ बाँझो कृषियोग्य जमिनको लागि स्थान सुहाउंदो कम ज्यामी लाग्ने कृषि-वन प्रणालीहरुको ढाँचा विकास र बिस्तार गरिनेछ ।

६.६.३ नीजि र कबुलियती वनभित्र वनको हैसियतमा असर नपर्ने गरी चिया, कफी जस्ता बहुबर्षीय नगदे वाली तथा फलफूलका विरुवाहरु लगाउने व्यवस्था मिलाइनेछ।

६.६.४ नदी किनार कटान नियन्त्रण, भूक्षय नियन्त्रण र बाढी पहिरोको प्रकोप घटाउन सम्भावित कृषि-वनको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६.६.५ मानव र वन्यजन्तुबीचको द्वन्द न्यूनीकरण गर्ने खालको कृषि-वन प्रणालीको ढाँचा विकास गरी आबश्यक क्षेत्रमा विस्तार गरिनेछ।

६.६.६ हैसियत बिग्रेको र खाली वन क्षेत्र भित्र फलफूलजन्य स्थानीय रुखका प्रजातिहरू लगाउने अभियान संचालन गरिनेछ।

**६.७ कृषि-वन प्रणालीको अध्ययन, अनुसन्धान, प्रचार प्रसार र क्षमता विकासमा प्राथमिकता दिइनेछ।**

६.७.१ अध्ययन,अनुसन्धान र प्रबर्तनलाई कृषि-वन कार्यक्रमको अभिन्न अंगको रुपमा विकास गरिनेछ।

६.७.२ कृषि-वन प्रणाली अबलम्बन गर्न चाहने व्यक्ति, कृषक, संघ, संस्था, समूह, सहकारीहरुलाई तालिम, प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।

६.७.३ कृषि-बन बिषयमा उच्च शिक्षा हासिल गर्न चाहने कर्मचारी र प्राविधिकलाई आबश्यक सहयोग र सहुलियत प्रदान गरिनेछ।

६.७.४ कृषि-वन प्रणाली सम्बन्धि जनचेतना अभिवृद्धि गरिनेछ।

**६.८ राष्ट्रिय, प्रादेशिक र स्थानीय गरी तिनै तहमा कृषि-वन योजना, वजेट र कार्यक्रम संयोजन तथा अनुगमन मूल्यांकन गर्ने प्रणालीको विकास गरिनेछ ।**

६.८.१ यस नीति अनुसार सरकारका तीनवटै तहमा कृषि-वन कार्यक्रम सञ्चालित हुनेछन् । प्रदेश र स्थानीय तहमा आवश्यक नीति, निर्देशिका बनाउन कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले आवश्यक समन्वय गर्नेछ ।

६.८.२ यसको अनुगमन संघ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था मिलाइनेछ ।



## ७. संस्थागत संरचना

७.१ कृषि-वन नीति कार्यान्वयन गर्न नेपाल सरकारले केन्द्रमा कृषि-वन अन्तर मन्त्रालय समन्वय समिति (Agro forestry Inter-Ministerial Coordination Committee, AFIMCC) को व्यवस्था गर्नेछ ।

कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिको गठन निम्नानुसार हुनेछः-

| | |
|---|---|
| क) कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव | संयोजक |
| ख) वन तथा वातावरण मन्त्रालयका सहसचिव (योजना) | सदस्य |
| ग) राष्ट्रिय योजना आयोगको कृषि-वन फोकल अधिकृत | सदस्य |
| घ) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि-वन फोकल अधिकृत | सदस्य |
| ङ) वन तथा वातावरण मन्त्रालयका कृषि-वन फोकल अधिकृत | सदस्य |
| च) नेपाल कृषि अनुसन्धान परिषद र सम्बन्धित विश्वविद्यालयका प्रतिनिधि (२ जना) | सदस्य |
| छ) किसान समूह, सहकारी सञ्जाल र वन उपभोक्ता समूहको महासंघका प्रतिनिधि (२ जना) | सदस्य |
| ज) कृषि-वन नीति निर्माण एवं कार्यान्वयन गर्ने मन्त्रालयहरुसंग सहकार्य गरेको संस्था | सदस्य |

यस नीतिको भावना र मर्म अनुकुल हुने गरी प्रदेश र स्थानीय तहहरुले स्थानीय आवश्यकताका आधारमा आवश्यक संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयन गर्नेछन् ।

**७.२ समितिको काम कर्तब्य देहाय बमोजिम हुनेछन् :-**

७.२.१ कृषि-वनको अनुसन्धान, विकास, प्रचार प्रसार, क्षमता अभिवृद्धि, आर्थिक र प्रशासनिक सवालमा जवाफदेहिता कायम गर्ने र स्थानीय, प्रदेश तह र नेपाल सरकार एवं अन्य सरोकारवालाहरुलाई समन्वय, सहकार्य एवं सहभागिता गर्ने मञ्च प्रदान गर्ने ।

७.२.२ राष्ट्रिय कृषि-वन नीति कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनको नेतृत्वदायी भूमिका कृषि तथा पशुपन्छी विकास मन्त्रालयले निवार्ह गर्ने तथा समितिले यस नीति कार्यान्वयन गर्न कार्यक्रम प्राथमिकीकरणको लागि समस्या पहिचान, रणनीति निर्माण, समन्वय, क्षमता अभिबृद्धि, आर्थिक स्रोत पहिचान एवं परिचालन, अनुगमन तथा मूल्याङ्कन र व्यबस्थापकीय सहयोग प्रदान गर्ने ।

७.२.३ यस नीतिसंग सम्बन्धित कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयहरुमा कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिसंग समन्वय एवं कृषि-वन नीति कार्यक्रम कार्यान्वयन भुमिकाको लागि एक कृषि-वनको फोकल अधिकृत रहने ।

७.२.४ नीति कार्यान्वयन गर्दा हैसियत बिग्रिएको वन क्षेत्र, कृषि-वन क्षेत्र र बांझो अर्ध बांझो कृषियोग्य जमिनमा संगठित युवा, महिला



कृषक, थोरै जमिन भएका कृषक र दलित कृषकहरुको आवश्यकतालाई पनि ध्यानमा राखी उपयुक्त अनुदानको व्यवस्था मिलाउने ।

७.२.५ कृषि-वन नीति कार्यान्वयनका कृयाकलापहरूको अनुगमन तथा मूल्यांकन कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले नियमित रूपमा गर्नेछ । साथै संघ, प्रदेश र स्थानीय गरी तीनै तहबाट समेत कृषि-वन सम्बन्धी कृयाकलाप र उपलब्धिको अनुगमन तथा मूल्यांकन गर्ने संयन्त्रको विकास गरिनेछ ।

**८. आर्थिक दायित्व**

८.१ कृषि-वन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश र स्थानीय तहवाट बार्षिक रुपमा आवश्यक वजेट तथा कार्यक्रम व्यवस्था गरिनेछ ।

८.२ राष्ट्रिय, प्रादेशिक र स्थानीयस्तरमा कृषि-वन कार्यक्रमलाई प्राथमिकतामा राखी वजेट कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

८.३ कृषि-वन अन्तर मन्त्रालय समन्वय समितिले राष्ट्रिय र अन्तराष्ट्रिय साझेदार संघसंस्थाहरुसंग सहकार्य गरी यो नीति कार्यान्वयनको लागि स्रोत जुटाउन अर्थ मन्त्रालयसंगको समन्वयमा आवश्यक सहजीकरण गर्न सक्नेछ ।

## ९. कानुनी व्यवस्था

९.१ कृषि-वन नीति कार्यान्वयन पश्चात यससंग सम्वन्धित अन्य नीति, नियमावली, निर्देशिका र रणनीतिहरु यसै नीति अनुरुप परिमार्जित गरिनेछन् ।

९.२ यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरुको व्यवस्था गरिनेछ ।

## १०. नीतिको पुनरावलोकन

१०.१ समन्वय समितिले हरेक वर्ष कृषि-वन नीतिको समिक्षा गरी प्रतिवेदन पेश गर्नेछ ।

१०.२ समन्वय समितिको प्रतिवेदन समेतको आधारमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा नीतिको पुनरावलोकन गर्नेछ ।

सम्पर्क:
नेपाल सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं, नेपाल
फोन : ९७७-१-४२११८३२, ४२११४७४
इमेल : info@mold.gov.np
वेवसाइट : www.mold.gov.np